**अपिहिमाल गाउँपालिकाको गाउँ सभाको बैठकमा लेखा समितिका संयोजक श्री देवकी देवी बोहराले प्रस्तुत गर्नु भएको**

# लेखा समितिको प्रतिवेदन

स्थानीय सरकार

अपिहिमाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८०

# मन्तव्य

**सभाअध्यक्षज्यू,**

नेपालको संविधानको धारा १९३ र सुदूरपश्चिम प्रदेशको गाउँसभा र नगरसभा (कार्यसञ्चालन) ऐन, २०७५ को दफा ७० को उपदफा (१) बमोजिम विभिन्न समितिहरु गठन गर्न सकिने प्रावधान बमोजिम अपिहिमाल गाउँपालिका गाउँ सभाको १४ औं अधिवेशनको बैठकबाट लेखा समितिको गठन भएको हो । यस समितिको पहिलो प्रतिवेदन, २०८० अपिहिमाल गाउँपालिकाको गाउँ सभाको आजको बैठकमा प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवको अनुभूति गरेको छु । मलाई यो जिम्मेवारी सम्हाल्ने कामको नेतृत्व प्रदान गर्नु भएकोमा सभा अध्यक्षज्यू, गाउँ सभाका सबै सदस्यहरु तथा समितिका सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**सभाअध्यक्षज्यू,**

अपिहिमाल गाउँपालिकाको लेखा समितिको कार्यक्षेत्र गाउँपालिकाको लेखा समितिको कार्यविधि, २०७८ को दफा ३ बमोजिम महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र बेरुजु फस्यौंट सम्बन्धी रहेको कुरा सम्मनित सभालाई विदितै छ । सोही व्यवस्था अनुसार स्थानीय सरकारलाई सभा प्रति उत्तरदायी र जवाफदेही बनाउनु, विभिन्न निर्देशनहरु मार्फत स्थानीय सरकारका गतिविधिहरुमा आर्थिक सुशासन कायम गर्नु, स्थानीय सरकारका कामकारबाहीहरुको निगरानी र मूल्याङ्कन गरी आवश्यक निर्देशनहरु मार्फत आर्थिक अनियमितता न्यूनीकरण गराउनु समितिको मुख्य कार्य रहेको छ साथै समितिको कार्यक्षेत्र भित्रका कार्यालय तथा निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन, आय वितरण, सम्पत्ति र खर्चको स्थिति तथा कार्यान्वयनको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने लगायतका कार्यक्षेत्रहरु यस समितिमा निहीत छन् ।

महालेखापरीक्षकको बार्षिक प्रतिवेदन माथि सम्बन्धित निकायका पदाधिकारीहरुको सहभागितामा छलफल गरी सार्वजनिक खर्च गर्ने परिपाटीमा नियमितता, औचित्यता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीता कायम गरी बेरुजु न्यूनीकरण गराउने कार्यमा समिति रहेको छ । यस प्रतिवेदनमा महालेखापरीक्षकको बार्षिक प्रतिवेदनहरु, आ.व. २०७४/७५, आ.व. २०७५/७६, आ.व. २०७६/७७, आ.व.२०७७/७८ र आ.व. २०७८/७९ सम्बन्धी समितिले गरेका निर्णयहरु साथै अन्य कार्यहरु समेटिएका छन् ।

**सभा अध्यक्षज्यू,**

लेखा समितिको कार्यक्षेत्र निकै जटिल र चुनौतीपूर्ण छ । यस सन्दर्भमा समितिले स्थानीय सरकार अन्तरगतका सार्वजनिक निकाय तथा संस्थामा देखिएका अनियमितता, बेरुजु, सार्वजनिक साधन र स्रोत हिनामिना, चुहावट तथा भ्रष्टाचारजन्य काम कारबाहीहरुलाई न्यूनीकरण गर्न प्रभावकारी भूमिका चाल्नु पर्ने स्थिति छ । यिनै समस्या तथा चुनौतीहरुलाई हृदयंगम गर्दै समितिले आवश्यक कार्ययोजना बनाई आफ्ना काम कारबाहीहरुलाई अगाडी बढाउने काम शुरु गर्यो ।

**सभा अध्यक्षज्यू,**

लेखा समितिको गठन पश्चात विभिन्न कारणहरुले गर्दा लामो समय देखि महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु माथि छलफल हुन नसक्दा पालिकाको बेरुजुको आकार प्रति बर्ष बढ्दै गएका कारणले यस समितिले बेरुजु फछ्र्यौट गराउने कार्यका लागि गाउँपालिकाको कार्यालयबाट एउटा बेरुजु फछ्र्यौट उपसमिति गठन गरेको थियो । उपसमिति गठन भए पश्चात केही असुल उपरका बेरुजु सम्बन्धमा कार्यालयबाट पत्राचार भई सकेको छ भने बाँकी बेरुजुको सम्बन्धमा यस समितिले प्रत्येक बर्षको बार्षिक प्रतिवेदन माथि विस्तृत छलफल तथा निर्णय गरी आवश्यक निर्देशन दिएको छ ।

**सभा अध्यक्षज्यू,**

सभा अध्यक्षज्यूको अनुमतिले अब म लेखा समितिको पहिलो प्रतिवेदन, २०८० सम्मानित सभा समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

धन्यवाद ।

मितिः २०८०/०३/११

..........................

श्री देवकी देवी बोहरा
संयोजक
लेखा समिति

**बिषयसूची**


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | परिच्छेद-१<br>प्रारम्भिक | |
| १.१ | लेखा समितिको परिचय | १ |
| १.२ | लेखा समितिको गठन | २ |
| १.३ | लेखा समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार | २ |
| १.४ | लेखा समितिको सचिवालय | ३ |
| | परिच्छेद-२<br>समितिका निर्णयहरु | |
| २.१ | समितिको बैठकका निर्णयहरु | ४ |
| | परिच्छेद-३<br>महालेखापरीक्षकको प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा भएका कामकारबाहीहरुको विवरण | |
| ३.१ | आर्थिक वर्ष २०७४/७५ को महालेखापरीक्षकको प्रतिवेदन उपर मिति २०८०/०२/२४ गते मा भएका दफावार छलफलका निर्णयहरु : | १२ |
| ३.२ | आर्थिक वर्ष २०७५/७६ को महालेखापरीक्षकको प्रतिवेदन उपर मिति २०८०/०२/२५ गते मा भएका दफावार छलफलका निर्णयहरु : | १६ |
| ३.३ | आर्थिक वर्ष २०७६/७७ को महालेखापरीक्षकको प्रतिवेदन उपर मिति २०८०/०२/२६ गते मा भएका दफावार छलफलका निर्णयहरु : | २३ |

| | | |
|---|---|---|
| ३.४ | आर्थिक वर्ष २०७७/७८ को महालेखापरीक्षकको प्रतिवेदन उपर मिति २०८०/०२/२७ गते मा भएका दफावार छलफलका निर्णयहरु : | २८ |
| ३.५ | आर्थिक वर्ष २०७८/७९ को महालेखापरीक्षकको प्रतिवेदन उपर मिति २०८०/०२/२८ गते मा भएका दफावार छलफलका निर्णयहरु : | ३१ |
| | परिच्छेद-४<br>निष्कर्ष | |
| ४.१ | निष्कर्ष | ३८ |

परिच्छेद-१

## प्रारम्भिक

### १.१ लेखा समितिको परिचय :

लेखा समिति गाउँ सभाको एक महत्वपूर्ण समिति हो । यसले सरकारको आर्थिक गतिविधिहरुको निगरानी गरी आर्थिक सुशासन कायम गराउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सरकारको नीति निर्माण तहदेखि तिनको कार्यान्वयनको चरण र कार्यसम्पन्न भए पश्चात खर्चको यथार्थ अवस्थाको निगरानी गरी सार्वजनिक काम कार्यबाहीमा पार्दर्शिता, मितव्ययीता, जवाफदेहिता, औचित्यता र प्रभावकारिता कायम गराउने गर्दछ । सरकारका गतिविधिहरुको प्रत्यक्ष निगरानी गरी अख्तियारको दुरुपयोग हुन नदिई त्यसलाई नियन्त्रण गर्न आवश्यक निर्देशन दिने हुँदा यस समितिको संयोजकमा उपाध्यक्षलाई चयन गर्ने प्रचलन रहँदै आएको छ ।

लेखा समितिको इतिहास हेर्ने हो भने यसको गठन बेलायतको संसदबाट सन् १८६१ मा भएको पाइन्छ । उक्त समिति गैरराजनीतिक रुपमा काम गर्ने अपेक्षाका साथ राज्यकोषको खर्च संसदले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययीतापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्ने उद्देश्यका साथ भएको थियो । नेपालमा सार्वजनिक लेखा समितिको शुरुवात वि.सं. २०१६ साल देखि नै भएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले सार्वजनिक लेखा समितिलाई संवैधानिक व्यवस्था गरेको थियो भने हाल प्रदेश सभाले कार्यप्रणालीलाई व्यवस्थित गर्न सहयोग पुर्‍याउने उद्देश्यले नेपालको संविधानको धारा १९३ र सुदूरपश्चिम प्रदेशको गाउँसभा र नगरसभा (कार्यसञ्चालन) ऐन, २०७५ को दफा ७० को उपदफा (१) बमोजिम विभिन्न समितिहरु गठन गर्न सकिने प्रावधान रहेको छ । सोही प्रावधान बमोजिम अपिहिमाल गाउँपालिकाको चौधौं गाउँसभाको बैठकबाट लेखा समितिको गठन भएको हो ।

गाउँसभाका अन्य बिषयगत समितिहरु मध्ये लेखा समिति एक महत्वपूर्ण समिति भएकाले यसले गाउँपालिकाको वित्तीय सुशासन कायम गर्न, सार्वजनिक पदाधिकारीहरुलाई उत्तरदायी बनाउने, जवाफदेहिता प्रबर्द्धन गर्ने तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथि अध्ययन तथा छलफल गरी बेरुजुलाई नियमित गराउने, असुल उपर गराउने, प्रमाण आधार पेश नगरेको अवस्थामा प्रमाण पेश गर्न लगाउने तथा छानविन गर्नुपर्ने किसिमको बेरुजु माथि छानविन गरी कारबाहीका लागि सिफारिस गर्ने कार्य गर्दछ । लेखा समितिको गठन भए पश्चात पहिलो बैठक मिति २०८० साल जेष्ठ १७ गते समितिका संयोजक श्री देवकी देवी बोहराज्यूको अध्यक्षतामा बसेको थियो ।

१.२ **समितिको गठन** :

नेपालको संविधानको धारा १९३ तथा सुदूरपश्चिम प्रदेशको गाउँसभा र नगरसभा (कार्यसञ्चालन) ऐन, २०७५ को दफा ७० को उपदफा (१) बमोजिम लेखा समितिको गठन भएको छ ।

लेखा समितिमा रहनु भएका सदस्यज्यूहरुको नामावली :

| क्र.सं. | नाम, थर | सम्बद्ध राजनीतिक दल |
|---|---|---|
| १ | श्री देवकी देवी बोहरा | नेपाली कांगेस |
| २ | श्री रबिन्द्र सिंह बोहरा | नेकपा माओवादी केन्द्र |
| ३ | श्री गगन सिंह कार्की | नेपाली कांगेस |

१.३ **समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार** :

कार्यक्षेत्र :

सुदूरपश्चिम प्रदेशको गाउँसभा र नगरसभा (कार्यसञ्चालन) ऐन, २०७५ बमोजिम गठन भएका समितिहरु मध्ये लेखा समितिको कार्यक्षेत्र लोकसेवा आयोग र मानव अधिकार अयोग बाहेक संवैधानिक आयोगका प्रतिवेदन, सार्वजनिक लेखा तथा महालेखापरीक्षकको प्रतिवेदन र बेरुजु फछ्र्यौट सम्बन्धी रहेको छ ।

समितिको काम, कर्तव्य र अधिकार :

लेखा समितिको कार्यविधि, २०७८ को दफा ३ बमोजिम समितिको काम, कर्तव्य र अधिकार निम्म रहेका छन ।

- वार्षिक बजेटले अनुमान गरे बमोजिम राजस्व संकलन र स्रोत परिचालन भए नभएको हेरी लक्ष्य प्राप्तिका लागि कार्यपालिकालाई आवश्यक सुझाव दिने ।
- कार्यपालिकामा भए गरेका कार्यहरुमा वित्तीय सुशासन कायम गराउन सुझाव दिने ।
- पेश्की बेरुजुको अवस्था विश्लेषण गर्दै सो को फछ्र्यौटका लागि आवश्यक रणनीतिक सुझाव दिने ।
- स्वीकृत वार्षिक बजेटले अनुमान गरे बमोजिमको काम भएको वा नभएको बारेमा लिखित प्रतिवेदन र सुझावहरु समेत सभामा पेश गर्ने ।
- महालेखापरीक्षकबाट सम्पन्न अन्तिम लेखा परीक्षणबाट कायम भएका बेरुजु तथा आर्थिक अनियमितता सम्बन्धमा त्यस्तो बेरुजु र आर्थिक अनियमिततालाई नियमित एवं असुल उपर

फछ्यौंट गर्न आवश्यक काम कारबाही गरे वा नगरेको बिषयमा निर्देशन दिने र प्रतिवेदन पेश गर्ने तथा बेरुजु फछ्यौंटका लागि ताकेता गर्ने ।

- वडा अनुसार स्रोत परिचालन तथा रकम संकलन भए नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने ।
- समितिको कार्यक्षेत्र भित्रका बिषयमा प्राप्त उजुरी, संचार माध्यमा आएका बिषयहरु, सरोकारवालाको चासो एवं समितिले आवश्यक ठानेका बिषयहरुमा जाँच गरी आवश्यक निर्देशन दिने ।
- स्थानीय सरकारको पूर्ण वा आंशिक ऋण वा अनुदानमा संचालित संस्था र कार्यक्रमको जाँच गरी आवश्यक निर्देशन दिने ।

१.४ **लेखा समितिको सचिवालय** :

अपिहिमाल गाउँपालिकाको लेखा समितिको कार्यविधि, २०७८ को दफा १७ बमोजिम लेखा समितिको सचिवालय अपिहिमाल गाउँपालिका आन्तरिक लेखापरीक्षण शाखा वा तोकेको स्थानमा रहनेछ । सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन समितिको कार्यक्षेत्र अन्तरगतका निकायसँग आवश्यक जानकारी माग गर्न सक्नेछ । सभापतिको अनुमति लिई बैठकमा विचाराधिन बिषयमा समितिको सचिवले आफ्नो राय दिन सक्ने व्यवस्था रहेको छ ।

समितिको सचिवालयमा कार्यरत कर्मचारीहरुः

| क्र.सं. | नाम, थर |
|---|---|
| १ | दिपक धामी |
| २ | विरेन्द्र सिंह साउद |
| ३ | राजेन्द्र सिंह धामी |

समिति संचालन सम्बन्धी थप विवरण :

- समितिको बैठकमा उपस्थित समितिका सदस्यहरुको बहुमतको निर्णय समिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिने र समितिको बैठकको निर्णय सभापतिबाट प्रमाणित गर्ने प्रावधान रहेको छ ।
- समितिले आफ्नो कार्य सम्पादनका क्रममा उपसमिति गठन गर्नुपर्ने महशुस गरेमा आफ्नो कार्यक्षेत्रको परीधि भित्र रही उपसमिति गठन गर्न सक्ने र त्यस्तो उपसमिति गठन गर्दा

उपसमितिले सम्पादन गर्नुपर्ने कार्य, कार्य सम्पन्न गरिसक्नु प्रने समयावधि समेत निर्धारण गरी सदस्यहरुको नाम सहित बैठक समक्ष प्रस्ताव गर्ने व्यवस्था रहेको छ ।

## परिच्छेद-२
## समितिका निर्णयहरु

२.१ **समितिको बैठकका निर्णयहरु :**

**बैठक संख्या : १**

**मिति : २०८०/०२/१७**

निर्णय नं. १:- अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को महालेखापरीक्षकको प्रतिवेदन माथि छलफल गर्दा आ.व. २०७८/७९ सम्ममा सम्परीक्षण भई बाँकी बेरुजु तपसिल बमोजिम रहेको देखियो ।

नियमित हुनुपर्नेः

- बैंक हिसाब मिलान (आर्थिक प्रशासन शाखा): रु. ३३८६६९४।—
- उग्रतारा ट्रेडिङ हाउस (कर समायोजन प्रमाण पेश गर्नुपर्ने): रु. ५६३७४।—
- उग्रतारा ईनर्जि कैलाली (कर समायोजन प्रमाण पेश गर्नुपर्ने): रु. ५७४६०।-

असुल उपर हुनुपर्नेः

- चौलानी कृषक समूह सहकारी संस्था (ऋण दिन नपाइने): रु. ४५००००।—
- दिलिप सिंह रोकाया (भवन निर्माणमा १.५% कर कट्टा नगरेको): रु. १३७३२।—
- महेश कुमार भट्ट (बोर्डिङ पास संलग्न नगरेको): रु. ९६५०।—
- केशव प्रसाद पौडेल (सेवा शुल्कमा १५% कर कट्टी नगरेको): रु. ३०८०१।—
- जिल्लावार इकाइ दार्चुला (सेवा शुल्कमा १५% कर कट्टी नगरेको): रु. २६१९०।—
- खण्डेश्वरी मा.वि.क्षेत्ती (त.भ.मा बढी निकासा भएको स्पष्ट गर्नुपर्ने अन्यथा दाखिला हुनुपर्ने): रु. ६४२०००।—
- सिद्धनाथ आ.वि. (त.भ.मा बढी निकासा भएको स्पष्ट गर्नुपर्ने अन्यथा दाखिला हुनुपर्ने): रु. १३२०००।–

पेश्कीः

- सामुदायिक रेडियो सारथी एफ.एम. रु. १४१०००।—
- संजिव अवस्थी रु. २०००००।—
- मान सिंह बोहरा रु. ५००००।—

- साकार खा.पा.उ. रु. १२३०००।—

<u>निर्णय नं. २ः-</u> माथि निर्णय नं. १ मा देखिएको नियमित हुनुपर्ने बेरुजुका लागि सम्बन्धित कार्यक्षेत्रमा रहेका शाखालाई आवश्यक आधार, प्रमाणहरु सम्परीक्षणका लागि तयार पार्न निर्देशन दिने ।

निर्णय नं. ३ः- माथि निर्णय नं. १ मा देखिएको असुल उपरको बेरुजु सम्बन्धित व्यक्ति तथा निकायहरुलाई हदम्याद सहित पत्राचार गर्नहुन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ४ः- माथि निर्णय नं. १ मा देखिएको पेश्की फछ्यौंट सम्बन्धी बेरुजुको लागि सम्बन्धित व्यक्ती तथा निकायहरुलाई पत्राचार गर्नहुन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ५ः- यस समितिको अगामि बैठक यही मिति २०८०/०२/१८ गते बिहान ९ बजे बस्ने निर्णय गरियो ।

**बैठक संख्या : २**

**मिति : २०८०/०२/१८**

<u>निर्णय नं. १ः-</u> अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को महालेखापरीक्षकको प्रतिवेदन माथि छलफल गर्दा आ.व. २०७८/७९ सम्ममा सम्परीक्षण भई बाँकी बेरुजु तपसिल बमोजिम रहेको देखियो ।

नियमित हुनुपर्नेः

- घट्टेखोला जलविद्युत आयोजना पोल खरिद (नियमानुसार खरिद प्रक्रिया पुरा हुनु पर्ने)ः रु. ३६९१७१०।-
- भवानी आ.वि.भवन निर्माण (नियमानुसार खरिद प्रक्रिया पुरा हुनु पर्ने)ः रु. ७०६०१२।—
- आर्थिक सहायता (कार्यविधि बनाएको हुनुपर्ने)ः रु. ३४८०००।—
- विद्यालयलाई अनुदान निकासा (आधार प्रमाण पेश गर्ने)ः रु. ६९६५२००।—

असुल उपर हुनुपर्नेः

- जनक सिंह ठेकरे (पारिश्रमिक कर कट्टी नगरेको)ः रु. ४५०००।—
- मनोरथ जोशी जलस्रोत अधिकृत (दोहोरो भत्ता)ः रु. १३०००।—
- विरेन्द्र कुमार झा (पारिवारिक तथा दैनिक भत्ता)ः रु. ३४७६०।—

पेश्कीः

- राङपाङ विद्यालय भवन निर्माण समितिः रु. ३५००००।—
- साल्ट ट्रेडिङ डिपो रु. ७००००।—

<u>निर्णय नं. २ः-</u> माथि निर्णय नं. १ मा देखिएको नियमित हुनुपर्ने बेरुजुका लागि सम्बन्धित कार्यक्षेत्रमा रहेका शाखालाई आवश्यक आधार, प्रमाणहरु सम्परीक्षणका लागि तयार पार्न निर्देशन दिने ।

निर्णय नं. ३ः- माथि निर्णय नं. १ मा देखिएको असुल उपरको बेरुजु सम्बन्धित व्यक्ति तथा निकायहरुलाई हदम्याद सहित पत्राचार गर्नहुन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ४ः- माथि निर्णय नं. १ मा देखिएको पेश्की फछ्र्यौट सम्बन्धी बेरुजुको लागि सम्बन्धित व्यक्ती तथा निकायहरुलाई पत्राचार गर्नहुन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ५ः- यस समितिको अगामि बैठक यही मिति २०८०/०२/१९ गते बिहान ९ बजे बस्ने निर्णय गरियो ।

## बैठक संख्या : ३

## मिति : २०८०/०२/१९

निर्णय नं. १ः- अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को महालेखापरीक्षकको प्रतिवेदन माथि छलफल गर्दा आ.व. २०७८/७९ सम्ममा सम्परीक्षण भई बाँकी बेरुजु तपसिल बमोजिम रहेको देखियो ।

**नियमित हुनुपर्नेः**

- जिम्मेवारी फरक परेको (हिसाब मिलान हुनुपर्ने)ः रु. ९८८६.४६।-
- बैंक हिसाब मिलान हुनुपर्ने (आर्थिक प्रशासन शाखा)ः रु. १३१२८८.७७।-
- कर्मचारी प्रोत्साहन भत्ता (कार्यविधि बनाएको हुनुपर्ने)ः रु. ५०९२२०।-
- अपिहिमाल निर्माण सेवा एण्ड बुढाथोकी सप्लायर्स (बिल केरमेट भएको मु.अ.करमा)ः रु. ८३१९६४।-
- गगनपानी देखि सौगन्ना सम्मको पि.सि.सि.बाटो (भेरिएसन स्वीकृत गर्नुपर्ने)ः रु. १३३५८७.७५।—
- ग्रामीण जलस्रोत परियोजना सरसफाई योजनामा (कर समायोजन प्रमाण नभएको)ः रु. ३१८८५६.७६।—
- विद्यालय सहयोगि प्रोत्साहन (हाजिर प्रमाणित प्रमाण पेश गर्नु पर्ने)ः रु. २७००००।—
- स्यानीटरी प्याड (विद्यालय बन्द भएको हुँदा यकिन गर्न नसकिएको)ः रु. ४८६९३४।—
- खण्डेश्वरी मा.वि.ल्याव (सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने)ः रु. २६०००००।—
- लेखा शाखा सदरस्या गर्नुपर्ने रु. १०१०००।-

**असुल उपर हुनुपर्नेः**

- अपिहिमाल निर्माण सेवा एण्ड बुढाथोकी सप्लायर्स (०.१% निर्माण व्यवस्यी कोष कट्टी गर्नुपर्ने)ः रु. ११६७९।-
- अपिहिमाल निर्माण सेवा एण्ड बुढाथोकी सप्लायर्स (बढी भुक्तानी भएको)ः रु. २२२२१३।-
- एम.बि.एल.डी.कन्सट्रक्सन (०.१% निर्माण व्यवस्यी कोष कट्टी गर्नुपर्ने):)ः रु. १२२९३।—
- राङपाङ विद्यालय भवन निर्माण (भढी भुक्तानी भएको)ः रु. ३१२००।—
- बर्थिङ सेन्टर निर्माण (बढी भुक्तानी भएको)ः रु. ८५०००।—
- घुसा पि.सि.सि.बाटो (बढी भुक्तानी भएको)ः रु. ४०६६७।—

- घाजिर पि.सि.सि.बाटो (बढी भुक्तानी भएको)ः रु. ३४१८८।—
- बिर इन्टरनेसनल एण्ड सप्लायर्स(स्टोर जिन्सी दाखिला प्रमाण पेश गर्ने अन्यथा असुल उपर गर्ने)ः रु. ३१०००।—
- स्टोर शाखा ( स्वास्थ्य संस्थाका लागि खरिद गरिएका ल्यापटप र मोबाइलको खरिद आदेश,दाखिला,हस्तान्तरण विवरण पेश गर्ने)ः रु. ५५२७३२।—
- अनुगमन भ्रमण भत्ता १०% बढी खाएको ( बसन्त ठेकरे,राजेन्द्र धामी,रामचन्द्र ठगुन्ना र दमन धामी)ः रु. २९८०।—
- कर्मचारी बैठक भत्ता (भौ.नं. ३९/०७६/८/९)ः रु. ४३३५०।—
- वाहल कर (संघिय संचित कोषमा दाखिला हुनुपर्ने)ः रु. ३०२६५७।—
- तरल नाइट्रोजन भण्डार गर्ने भाँडो र सप्लाइ यन्त्र (औचित्य पुष्टि गर्ने अन्यथा असुल उपर)ः रु. २२०४९३।—
- संघिय भौ.नं. १७१ राष्ट्रपति रनिङ्ग शिल्ड (समान खरिदमा अग्रिम कर कट्टी नगरेको)ः रु. ८२५।—
- शसर्त भौ.नं. १७२ कक्षा ८ परीक्षा (बहाल कर कट्टी नगरेको)ः रु. ४००।—
- गा.पा.चालु भौ.नं.२२४ चाङ्ग जुठ्यान घाजिर ( बहाल कर कट्टीनगरेको)ः रु. २९४१।—
- गा.पा.पु. भौ.नं. १११ सोलार पोल हाउस (अग्रिम कर कट्टीनगरेको)ः रु. ४७०८।-

**पेश्कीः**

- सारथी मिडिया नेटवर्क (सार्वजनिक सुनवाई कार्यक्रम)ः रु. १५२०००।—

निर्णय नं. २ः- माथि निर्णय नं. १ मा देखिएको नियमित हुनुपर्ने बेरुजुका लागि सम्बन्धित कार्यक्षेत्रमा रहेका शाखालाई आवश्यक आधार, प्रमाणहरु सम्परीक्षणका लागि तयार पार्न निर्देशन दिने ।

निर्णय नं. ३ः- माथि निर्णय नं. १ मा देखिएको असुल उपरको बेरुजु सम्बन्धित व्यक्ति तथा निकायहरुलाई हदम्याद सहित पत्राचार गर्नहुन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ४ः- माथि निर्णय नं. १ मा देखिएको पेश्की फछ्र्यौट सम्बन्धी बेरुजुको लागि सम्बन्धित व्यक्ती तथा निकायहरुलाई पत्राचार गर्नहुन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ५ः- यस समितिको अगामि बैठक यही मिति २०८०/०२/२१ गते बिहान ९ बजे बस्ने निर्णय गरियो ।

**बैठक संख्या : ४**

**मिति : २०८०/०२/२१**

निर्णय नं. १ः- अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को महालेखापरीक्षकको प्रतिवेदन माथि छलफल गर्दा आ.व. २०७८/७९ सम्ममा सम्परीक्षण भई बाँकी बेरुजु तपसिल बमोजिम रहेको देखियो ।

नियमित हुनुपर्नेः

- कर्मचारी प्रोत्साहन भत्ता (कार्यविधि बनाएको हुनुपर्ने)ः रु. ५०९०००।-
- एस के ईन्जिनियरिङ (झो.पु. कर समायोजन प्रमाण पेश गर्ने)ः रु. १५४३११।-
- मन्याल कन्सट्रक्सन (पोलि हाउस कर समायोजन प्रमाण पेश गर्ने)ः रु. ३६३१८।-
- सोनी निर्माण सेवा स्वास्थ्य भवन वडा नं. ५ (कर समायोजन प्रमाण पेश गर्ने)ः रु. १५६९२६३।-
- भगवती निर्माण सेवा पि.सि.सि.बाटो (कर समायोजन प्रमाण पेश गर्ने)ः रु. ४७७३९६।—
- RVWRMP द्वारा संचालित कार्यक्रममा मु.अ.क.(कर समायोजन प्रमाण पेश गर्ने)ः रु १०७५८९८।—
- स्वास्थ्य चौकी वडा नं. ५ ( भेरिएसन स्वीकृत गर्नु पर्ने)ः रु. १५६९२६३।—
- जयविर निर्माण सेवा स्वास्थ्य चौकी वडा नं. ३( भेरिएसन स्वीकृत गर्नु पर्ने)ः रु. ७३८५९६.४।—
- सोनी निर्माण सेवा स्वास्थ्य चौकी वडा नं. १ ( भेरिएसन स्वीकृत गर्नु पर्ने)ः रु. ८४७३६४.१९।—
- स्वास्थ्य चौकी वडा नं. ६ ( भेरिएसन स्वीकृत गर्नु पर्ने)ः रु. ५००५१७.९।—
- मकरीकोट देखि बेसक्याप सम्मको पर्यटकीय पदमार्ग ( एल.बि.एण्ड एबि.जेभी. पेश्की अनियमित भएको)ः रु १२५८९९५।—
- पञ्जीकरण शाखा ( दर्ता शिविरमा पान विलको प्रयोग)ः रु. ६३५००।—
- समुन्द्र सिंह कार्की (भर्पाइमा हस्ताक्षर नभएको)ः रु. १२००।—
- रिगुर खानेपानी तथा सरसफाई योजना (सोझै खरिद गरेको)ः रु. १८९०१०।—
- पाथा घट्टेखोला लघु जलविद्युत (बिल भन्दा बढी भुक्तानी)ः रु. १८४५९२।—
- अपि ड्रेस हाउस एण्ड गार्मेन्ट उद्योगबाट मास्क खरिद (भ्याट बिल नभएको)ः रु. ७३०८०।—
- माइक्रोसफ्ट इन्फोटे फर्मबाट खरिद गरिएका सामग्री (माग फाराम,आदेश तथा दाखिला प्रमाण नभएको)ः रु. ३९१००।-

**असुल उपर हुनुपर्नेः**

- भक्त सिंह ठेकरे बोहरा (पारिश्रमिक कर कट्टी नगरेको)ः रु. ४९०००।—
- निर्माण व्यवसायिक कोष कट्टी नगरेको दफा ३७मा भएका व्यवसायी (०.१% ले हुन आउने रकम)ः रु. २३९२२।—

- स्वास्थ्य स्वयमसेविका कार्यक्रम (पुरुस्कारमा कर कट्टी नगरेको): रु. ४५०।—
- स्वास्थ्यको औषधी ढुवानी (बहाल कर कट्टी नगरेको): रु. १८५०।—
- स्वास्थ्य शाखाको वालरोग व्यवस्थापन कार्यक्रममा (पारिश्रमिक कर बाफत): रु. १५०।—
- स्वास्थ्य शाखाको खोप तथा सरसफाइ कार्यक्रममा (पारिश्रमिक कर बाफत): रु. १५०।–
- ओखर खेती कार्यक्रममा (बिल भन्दा भढी भुक्तानी): रु. ९७६४।—
- महादेव आ.वि.काटै शौचालय निर्माण (बहाल कर बाफत): रु. ११५०।—
- पोषणको लेखाजोखा कार्यक्रममा (प्रशिक्षण बाफत भढी भुक्तानी): रु. २७००।—
- पोषणको लेखाजोखा कार्यक्रममा (NTC Card खरिदमा अग्रिम कर): रु. ३४५।—
- सुधारिएको चुलो निर्माण (अमिरिके धामी): रु. २१११।—
- छिपुलकेदार कृषि बाख्रा पालन  समूह ( पारिश्रमिक कर): रु. १३५०।—
- छिपुलकेदार कृषि बाख्रा समूह (अग्रिम कर): रु. ५५४।—
- कापुचुली भेडाबाख्रा पालन समूह (पारिश्रमिक कर): रु. ४५०।—
- सुर्मा भवानी भेडाबाख्रा पालन समूह (पारिश्रमिक र अग्रिम कर बाफत): रु. २८१४।—
- छिपुलकेदार मा.वि.धंकं.भवन निर्माण (बहाल कर): रु. ५३०५।—
- विर्मा कामी सोलार खरिद (अग्रिम कर): रु. २९३।—
- महादेव मा.वि.पुस्तकालय ढुवानी (बहाल कर): रु. १२५।—
- तेज राम महर ( अग्रिम कर): रु. १५०।—
- काटै पि.सि.सि.बाटो (बहाल कर): रु. ६२०।—
- क्षेत्ती रुपसे पन्यास निर्माण योजना (बहाल कर): रु. ९९०।—
- राजेन्द्र सिंह धामी ( सा.सु.कर बाफत): रु. १२६०।—
- उपाध्यक्ष कोसेली कार्यक्रम (अग्रिम कर बाफत): रु. ३९५।—
- एसबिए तालिममा (अग्रिम कर बाफत): रु. ३६०।—
- इन्टरनेट जडानमा (अग्रिम कर बाफत): रु. १७०।—
- कमान सिंह जागरी भवानी आ.वि.सिती भान्छा घर निर्माण (अग्रिम कर बाफत): रु. १४८।—
- पालाष्टिक घर निर्माण अपिहिमाल २ (विभिन्न कर बाफत): रु. १९०३८।—
- रिगुर खानेपानी योजना (बहाल कर बाफत): रु. ९७२५।-

<u>निर्णय नं. २:-</u> माथि निर्णय नं. १ मा देखिएको नियमित हुनुपर्ने बेरुजुका लागि सम्बन्धित कार्यक्षेत्रमा रहेका शाखालाई आवश्यक आधार, प्रमाणहरु सम्परीक्षणका लागि तयार पार्न निर्देशन दिने ।

निर्णय नं. ३:- माथि निर्णय नं. १ मा देखिएको असुल उपरको बेरुजु सम्बन्धित व्यक्ति तथा निकायहरुलाई हदम्याद सहित पत्राचार गर्नहुन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ४ः- यस समितिको अगामि बैठक यही मिति २०८०/०२/२२ गते बिहान ९ बजे बस्ने निर्णय गरियो ।

**बैठक संख्या : ५**

**मिति : २०८०/०२/२२**

निर्णय नं. १ः- अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को महालेखापरीक्षकको प्रतिवेदन माथि छलफल गर्दा बेरुजु अवस्था तपसिल बमोजिम रहेको देखियो ।

**नियमित हुनुपर्नेः**

- रितपूर्वक नभएको भुक्तानी (दफा ३५ मा भएको विवरण)ः रु. २५३११५३।-
- स्वीकृत लागत तथा डिजाइन भन्दा फरक कार्य (दफा ४४ मा भएका व्यवसायीहरु)ः रु.५३५२५३।
- एज विल्ट नक्सा पेश गर्नु पर्ने (दफा ४९ मा भएका व्यवसायीहरु)ः रु. १२५०००।—
- सम्झौता तथा वि.ओ.क्यू भन्दा भढी कार्यको भुक्तानी (भेरिएसन गरेको प्रमाण पेश गर्ने)ः रु. ५३७६८।—
- निरज तानसेन स्वरोजगार कार्यक्रम (आवश्यक प्रमाण पेश गर्ने अन्यथा असुल उपर)ः रु. १७९६१९२।-

**असुल उपर हुनुपर्नेः**

- कृषि शाखा (प्रचलित दररेट भन्दा बढिमा बोट खरिद गरेको)ः रु. ४७२५००।—
- पालिका भित्र पदाधिकारी भत्ता (दफा ३७ मा भएका पदाधिकारीहरु)ः रु. १८४००।—
- बढी कार्यको भुक्तानी (दफा ४२ मा भएका कार्यक्रममा)ः रु. ७०५५०५।—
- वडा नं. ४ र ६ को कार्यालय निर्माण व्यवसायी (निर्माण कार्यको बीमा नगरेको)ः रु. १०००००।—
- श्री कार्टर कन्स्ट्रक्सन प्रा.लि. (वडा नं. २ कार्यालय पेश्की)ः रु. २८००००।—
- श्री कार्टर कन्स्ट्रक्सन प्रा.लि. (महादेव मा.वि.भवनमा जरीवाना)ः रु. २६४४००।—
- श्री कार्टर कन्स्ट्रक्सन प्रा.लि. (वडा नं. २ कार्यालय भवनमा जरीवाना)ः रु. १७३७९०।—
- प्रशासनिक भवन निर्माण ( कार्य नगरी भुक्तानी)ः रु. १६४२५५।—
- धुँवा मुक्त अपि घोषणा कार्यक्रम (बढी भुक्तानी)ः रु. ३८८०६।—

- अध्यावधिक निर्माण कार्य तालिका पेश नगरेको (दफा ५३ मा भएका निर्माण व्यवसायीहरु): रु. ३४५०००।—
- भ्रमण स्वीकृत बेगर भ्रमण खर्च (दफा ६२ मा भएका पदाधिकारीहरु): रु. ७५०००।-

**पेश्की:**

- पेश्की फछ्र्यौट गर्न बाँकी ( दफा ५५ मा भएका विवरण): रु ७४९६५००।-

निर्णय नं. २:- माथि निर्णय नं. १ मा देखिएको नियमित हुनुपर्ने बेरुजुका लागि सम्बन्धित कार्यक्षेत्रमा रहेका शाखालाई आवश्यक आधार, प्रमाणहरु सम्परीक्षणका लागि तयार पार्न निर्देशन दिने ।

निर्णय नं. ३:- माथि निर्णय नं. १ मा देखिएको असुल उपरको बेरुजु सम्बन्धित व्यक्ति तथा निकायहरुलाई हदम्याद सहित पत्राचार गर्नहुन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ४:- माथि निर्णय नं. १ मा देखिएको पेश्की फछ्र्यौट सम्बन्धी बेरुजुको लागि सम्बन्धित व्यक्ती तथा निकायहरुलाई पत्राचार गर्नहुन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ५:- यस समितिको अगामि बैठक यही मिति २०८०/०२/२४ गते बिहान ९ बजे बस्ने निर्णय गरियो ।

## परिच्छेद-३

## महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा भएका कामकारबाहीहरुको विवरण

३.१ आर्थिक वर्ष २०७४/७५ को महालेखापरीक्षकको प्रतिवेदन उपर मिति २०८०/०२/२४ गते मा भएका दफावार छलफलका निर्णयहरु :

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम समयमा नै सन्बन्धित व्यक्तिहरुमा अख्तियारी प्रदान गरेको नदेखिएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २ | २ | **वजेट पेश गर्ने र पारित गर्नेः** आ.व. २०७४/७४ को पहिलो गाउँसभा मिति २०७४/५/२५ मा भएको नियमानुसार समयमै हुनुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३ | ३ | **आन्तरिक नियन्त्रण प्रणालीः** गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना गरेको नदेखियको तथा २०७४/७५ को आन्तरिक लेखापरीक्षण गराएको पाईएन । | आन्तरिक नियन्त्रण प्रणाली स्थापना गरी आन्तरिक लेखापरीक्षण गराउने । |
| ४ | ४ | **स्रोत अनुमान तथा वजेट सीमाः** गाउँपालिकाले स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति गठन नगरेको । | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम समिति गठन गर्ने । |

| | | | |
|---|---|---|---|
| ५ | ५ | **आन्तरिक ऋणः** गाउँपालिकाको कार्यपालिकाबाट निर्णय गरी रु ४,५०,०००। चौलानी कृषक समूह लाई ऋण दिइएको रकम अनियमित देखिएको । | गाउँपालिकाले अन्य संस्थाहरुलाई ऋण दिन नहुने । |
| ६ | ६ | **लक्ष्य प्रगतिको स्थितिः** नियमानुसार चौमासिक प्रगति विवरण तयार तथा सम्बन्धित निकायमा पेश गरेको देखिएन । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ७ | ७ | **बैंक हिसावः** कार्यालयको हिसाव र बैंक हिसावमा रु. ३३८६६९४।फरक परेको देखिएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ८ | ७ | **चौमासिक खर्चः** चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम र प्रगति विवरण बनाई कार्यसम्पादन सम्पन्न गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ९ | ९ | **कर्मचारी व्यवस्थाः** निजामति सेवा ऐन,२०४९ बमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गरी सेवा प्रवाह गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १० | १० | **राजश्व अभिलेखः** राजश्वको आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखनु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ११ | ११ | **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार बिषयगत कार्यालयको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | व्यवस्था छ । यसरी हस्तान्तरण हुने मालसमानहरुको अभिलेख तथा जिन्सी लगत राख्नु पर्नेमा गरेको पाईएन । | |
| १२ | १२ | **अग्रिम करः** आयकर ऐन अनुसार रकम भुक्तानी गर्दा १.५% का दरले कर कट्टा गर्नु पर्नेमा दिलिप सिंह रोकायालाई भुक्तानी गरेको रकममा रु. १३७३२।अग्रिम कर बाफतको असुल उपर गर्नुपर्ने। | दाखिला गरी फच्यौंट गराउन हुन कार्यालयलाई निर्देशन दिने । |
| १३ | १३ | **बिल वेगर भुक्तानीः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।तर महेश कुमार भट्टलाई बोर्डिङ पास संलग्न नगरी भुक्तानी दिएको रकम रु. ९६५०। असुल गराउने । | दाखिला गरी फच्यौंट गराउन हुन कार्यालयलाई निर्देशन दिने । |
| १४ | १४ | **कर विजकः** सेवा शुल्कको रकम भुक्तानी गर्दा १५% कर कट्टी गर्नु पर्नेमा नगरेको रकम रु. ५६९९१। असुल हुनु पर्ने । | दाखिला गरी फच्यौंट गराउन हुन कार्यालयलाई निर्देशन दिने । |
| १५ | १५ | **मूल्य अभिवृद्धि करः** करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्नेमा उग्रतारा ट्रेडिङ हाउस र उग्रतारा ईनर्जि कैलालीले रु. ११३८३४। रकम बराबरको करसमायोजन प्रमाण पेश गर्नु पर्ने । | प्रमाण पेश गर्न पत्राचार गर्ने । |

| | | | |
|---|---|---|---|
| १६ | १६ | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसमानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी राख्नु पर्नेमा नभएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १७ | १७ | **बढी निकासाः** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले पाउने रकम भन्दा बढी रु. ७७४०००। निकासा दिईएको स्पष्ट गर्नु पर्ने । | आवश्यक पक्रियाको लागि निर्देशन दिने। |
| १८ | १८ | निजामति सेवा ऐन, २०४९ को दफा ७ ख (२) तथा स्वास्थ्य नियमावली, बमोजिम को.ले.नि.का.बाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च गर्नु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १९ | १९ | **कार्य सम्पन्न बाँकी योजनाः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नु पर्नेमा नगरेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| २० | २० | **पेश्कीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम पेश्की फछ्र्यौट नभएको रकम रु. १९४४०००। बाँकी देखिएको । | फछ्र्यौट गराउन निर्देशन दिने । |
| २१ | २१ | **वित्तीय जवाफदेहिता मूल्याङ्कनः** व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसंग सम्बन्धित २० सूचकको आधारमा कार्यालयको स्तर "C" ग्रेडिङ्ग प्राप्त गरेको छ ।वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २३ | २३ | **अनुगमन तथा मूल्याङ्कनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ उपदफा २(घ) बमोजिम बेरुजु फछ्र्यौट नगरेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |

३.२ आर्थिक वर्ष २०७५/७६ को महालेखापरीक्षकको प्रतिवेदन उपर मिति २०८०/०२/२५ गते मा भएका दफावार छलफलका निर्णयहरु :

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **आय-व्यय अनुमानः** सभाबाट पारित बजेट भन्दा बढीको आय-व्ययको कारोवार हुँदा बमेट अनुमान यथार्थ परक हुन नसकोको र सभाबाट पारित वजेटको सिमा नाघेको छ ।सभाबाट स्वीकृत वजेट भन्दा बढी भएको रकमको सभाबाट अनुमोदन हुनुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| २ | २ | **बजेट निकासाः** गाउँपालिकालाई रकम प्राप्त हुँदा खर्च गर्ने अख्तियारी सहित निकासा प्राप्त हुनुपर्ने र निकासा गर्ने सम्बन्धित निकायले निकासा खर्च भिडान भएको आर्थिक विवरण सहित आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोबारलाई पारदर्शी र दुरुस्त बनाउनु पर्दछ । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ३ | ३ | **बैंक हिसाव मिलानः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । त्यस्तो नभएको हुँदा बैंक हिसाव मिलानमा फरक परेको देखिएको छ । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |

| | | | |
|---|---|---|---|
| ४ | ४ | **आय-व्यय विवरण सार्वजनिक नगरेको:** नियमानुसार कार्यालयले आफ्नो आय-व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्नेमा नगरेको । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ५ | ५ | **कार्ययोजना नभएको:** नियमानुसार गाउँसभाबाट स्वीकृत बजेटको प्रभावकारी कार्यन्वयनको लागि समयसिमा सहितको कार्ययोजना बनाई कार्यसम्पादन गर्नुपर्नेमा नभएको । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ६ | ६ | **विवरण सार्वजनिक नगरेको:** प्रत्येक निर्माण योजना तथा कार्यक्रमको स्थलमा सर्वसाधारणले देख्ने सक्ने गरी विवरण राखि सार्वजनिक गर्नु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ७ | ७ | **योजना बनाई कार्यान्वयन गर्ने:** आवधिक योजना, बार्षिक योजना, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दिर्घकालीन विकास योजना बनाई कार्यान्वयन गर्नु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ८ | ८ | **चौमासिक खर्च:** बार्षिक कार्ययोजना बनाई चौमासिक खर्च व्यवस्थापन भएको देखिएन । असारमा मात्र बढी खर्चको चाप देखिएको । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ९ | ९ | **आन्तरिक नियन्त्रण प्रणाली:** गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको र आर्थिक वर्ष २०७५/७६ को आन्तरिक लेखापरीक्षण समेत नगराएको । | नियमानुसार नियमित गर्न गराउन हुन कार्यालयलाई निर्देशन गर्ने । |

| | | | |
|---|---|---|---|
| १० | १० | **राजश्व अभिलेखः** राजश्वको आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखनु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ११ | ११ | **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार बिषयगत कार्यालयको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने मालसमानहरुको अभिलेख तथा जिन्सी लगत राखु पर्नेमा गरेको पाईएन । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १२ | १२ | **अभिलेख अद्यावधिकः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्नेमा हुन नसकोको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १३ | १३ | **शीर्षकगत आर्थिक विवरणः** स्थानीय सञ्चित कोषको आय-व्यय हिसावको यथार्थताको लागि शीर्षकगत देखिने गरी अभिलेख राखी चौमासिक विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १४ | १४ | **आन्तरिक आयः** आन्तरिक आम्दानीको स्रोत पहिचान गरी ती स्रोतहरुबाट के कति राजश्व संकलन गर्न सकिन्छ भनी विश्लेषण समेत गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| १५ | १५ | **सेवा करारः** गाउँपालिकाले ११ जना कर्मचारी सोझै बार्ताद्वारा नियुक्ती गरी रु. ३२४४६०० खर्च गरेको पाईयो । | नियममा व्यवस्था भए अनुरुप प्रक्रिया पुरा गरी सेवा करारमा लिन निर्देशन गर्ने । |
| १६ | १६ | **तलबी प्रतिवेदनः** तलबी प्रतिवेदन पारित गराएर मात्र तअब खर्च गर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १७ | १७ | **जिन्सी सम्पत्तीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तीको जिम्मा, त्यसको लगत र संरक्षण, सम्पत्तीको निरीक्षण लगायत विभिन्न व्यवस्था बमोजिमको कार्य नभएको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १८ | १८ | **विद्युतीय लेखाः** सुत्रको प्रयोग गरी लेखा राख्नु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १९ | १९ | **आनतरिक लेखापरीक्षणः** बार्षिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनु पर्नेमा नगराएको । | नियमानुसार आनतरिक परीक्षण गर्न निर्देशन दिने । |
| २० | २० | **सार्वजनिक परीक्षणः** गाउँपालिकाले सार्वजनिक सुनुवाई गरी सेवाग्राहीले उपस्थिति जनाएको माईन्युट गरेता पनि सार्वजनिक परीक्षण गरी सेवा प्रवाहमा सुधार गरेको छैन । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २१ | २१ | **प्रगति विवरणः** गाउँपालिकाले कानूनमा व्यवस्था भएअनुसार तोकिएको समयमा प्रगति विवरण तयार गरी पेश गर्नु पर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| २२ | २२ | **बरबुझारथः** गाउँपालिकामा समाहित भएका साविकका बिषयगत कार्यालयको बेरुजु लगत तथा बेरुजु सम्परीक्षणको अभिलेख गाउँपालिकामा एकिन गरी अद्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २३ | २३ | **स्थानीय तहका पदाधिकारी सुविधाः** सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ बमोजिम भएको । | नियमानुसार भएको । |
| २४ | २४ | **योजना तथा कार्यान्वयनः** स्थानीय तहले योजना बनाउदा टुक्रे योजना नबनाई सहभागितामुलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजनाको छनौट गर्नु पर्दछ । | सुझाव अनुसार अगामि बर्ष कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । |
| २५ | २५ | **आर्थिक कारोवार बन्द नगरेकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा भएको व्यवस्था अनुरुप समयमै आर्थिक कारोवार बन्द हुनपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २६ | २६ | **खर्च नभएको रकम फिर्ता नभएकोः** सशर्त अनुदान तर्फ गरिब घर पहिचान कार्यक्रमको लागि आएको बजेट वर्षान्तमा खर्च भएको जनाई आनतरिक कोषमा जम्मा गरेको रकम रु. ९७७०००। संघीय संचित कोषमा दाखिला हुनुपर्दछ । | दाखिला गरिएको । |

| | | | |
|---|---|---|---|
| २७ | २७ | **कामको नापजाँच र नापी किताबः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रण कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने, सार्वजनिक खरिद ऐन तथा नियमावलीमा विकास योजना तथा कार्यक्रममा भएको कामको तोकिएको प्राविधिकबाट तोकिए बमोजिम नापजाँच र प्राविधिक पुस्टयाई गरी दोहोरो भुक्तानी हुन नदिने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २८ | २८ | **मू.अ.कर दाखिलाः** मू.अ.कर ऐन, २०५२ तथा नियमावली, २०५३ बमोजिम कार्यालयले भुक्तानी दिएको १३ प्रतिशत मु.अ.कर रकमको ५०% मु.अ.कर रकम कट्टी गर्नुपर्ने प्रावधान अनुसार अभिलेख तयार नगरेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २९ | २९ | **अग्रिम कर समयमा दाखिला नगरेकोः** ऐनमा व्यवस्था भएअनुसार भुक्तानीमा कट्टी गरिएको अग्रिम कर समयमा नै दाखिला गरी लेखा दुरुस्त हुनुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३० | ३० | **एकमुष्ट बजेट विनियोजनः** सभाले बजेट विनियोजन गर्दा योजना तथा कार्यक्रमगत रकम विनियोजन गरी एकमुष्ट बजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३१ | ३१ | **स-साना योजना छनौटः** गाउँपालिकाले धेरै प्रतिफल दिनसक्ने ठुला योजनाहरु छनौट गरी योजनाको दिगोपनामा जोड दिई धेरै स-साना योजना छनौट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| ३२ | ३२ | **उपभोक्ता समितिबाट भएको निर्णय कार्यः** खरिद ऐन तथा नियमावलीमा भएका व्यवस्थाको पूर्ण रुपमा कार्यान्वयन गरेर मात्र उपभोक्ता समिति मार्फत कार्य गराउनुपर्ने अन्यथा उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा नियन्त्रण गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३३ | ३३ | **उपभोक्ता समितिले गरेको खरिदः** ऐन नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समिति मार्फत कार्य गराउदा मितव्ययी र गुणस्तरियता हुने आधार स्पष्ट गराएर निर्माँण कार्य मात्र गराई सामान खरिद कार्य गराउन मिल्ने नदेखिएकाले नियमानुसार नदेखिएको रकम रु. ४३९७७२२।७० नियमित नभएको । | नियमानुसार नियमित गर्न निर्देशन गर्ने । |
| ३४ | ३४ | **बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिमको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले बीमा गराउनुपर्ने तर नगरेको । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३५ | ३५ | **बिल भरपाई नभएकोः** कटेलीगाड लघु जलविद्युत परियोजनामा बिना बिल भर्पाई भुक्तानी गरेको रु. १३३३१५०। रकमको बिल भर्पाई पेश गर्नुपर्ने । | फछ्र्यौट गरिएको । |
| ३६ | ३६ | **आर्थिक सहायताः** स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्था तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुँदा नं. ३.४ मा | नियन्त्रण गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | नेपाल सरकारको अनुदानबाट प्राप्त रकम कुनै प्रकारको आर्थिक सहायतामा खर्च गर्न नपाईने भएता पनि रु. ३४८०००। रकम वितरण गरेको । | |
| ३७ | ३७ | **अग्रिम कर कट्टा नगरेको:** आयकर ऐन २०५८ बमोजिम पारिश्रमिक र पुरुस्कार रकम भुक्तानी गर्दा अग्रिम कर कट्टा गर्नुपर्नेमा नगरेको रु. ४५०००। असुल उपर गर्नुपर्ने । | असुल उपरका लागि पत्राचार गर्न निर्देशन दिने । |
| ३८ | ३८ | **विद्यालयलाई अनुदान निकासा:** सामुदायिक विद्यालयहरुका निजी शिक्षकहरुलाई स्वीकृत दरबन्दी बेगर शसर्त अनुदान शीर्षकबाट खर्च गर्ने मिल्ने आधार प्रमाण नदेखिएको रु. ६९६५२००। | नियमित गर्ने । |
| ३९ | ३९ | **कर विजक वेगर भुक्तानी:** समाज कल्याण समाज नेपाल दार्चुलालाई कर विजक वेगर रु. २५७४२३०। भुक्तानी भएको सो रकमको १५% ले हुन आउने कर रकम रु. ३८२०८५। सम्बन्धितबाट असुल हुनुपर्ने । | असुल उपर भएको । |
| ४० | ४० | **दोहोरो भत्ता:** जलस्रोत अधिकृत मनोरथ जोशीले दैनिक भ्रमण भत्ता बुझेको अवधिमा फिल्ड भत्ता पनि बुझेको हुँदा दोहोरो हुन गएको रु. १३०००। असुल उपर गर्नु पर्ने । | असुल उपरका लागि पत्राचार गर्न निर्देशन दिने । |
| ४१ | ४१ | **भ्रमण आदेश तथा भ्रमण निर्णय वेगर भ्रमण खर्च:** गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुले बिना भ्रमण आदेश र बिल वेगर खर्च जनाएको रु १५४८०। असुल उपर गर्ने । | असुल उपर भएको । |

| | | | |
|---|---|---|---|
| ४२ | ४२ | **बहाल करः** उपभोक्ता समितिले निर्माण गर्दा साधन ढुवानी गरेको तथा स्टोर भाडा बाफतको खर्च जनाएको तर बहाल कर कट्टी नगरेको रु. २८८३३। असुल गर्नुपर्ने । | असुल उपर भएको । |
| ४३ | ४३ | **सोझै खरिदः** एक लाख भन्दा बढी रकमको सोझै खरिद गर्दा खुल्ला कोटेशनबाट हुनुपर्नेमा नभएकोले रु. ७४८२५०। को प्रमाण पेश गर्ने । | प्रमाण पेश भएको । |
| ४४ | ४४ | **विद्यालयलाई बढी निकासाः** अवकास भएका शिक्षकलाई समेत भुक्तानी दिएको देखिएको बढी भुक्तानी रु. ३८५९७२। असुल उपर गर्नुपर्ने । | असुल उपर भएको । |
| ४५ | ४४.१ | **स्थानीय भत्ताः** विद्यालयका शिक्षकहरुलाई ४५ दिन विदा अवधिमा समेत स्थानीय भत्ता भुक्तानी भएको रु. ५९०६७०। असुल उपर गर्नुपर्ने । | असुल उपर भएको । |
| ४६ | ४५ | **सामाजिक सुरक्षा भत्ता वितरणः** बैङ्किङ प्रणाली मार्फत वास्तविक लाभग्राहीलाई भुक्तानी हुने व्यवस्था मिलाउने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्ने । | सुझाव अनुसार हुदै गरेको । |
| ४७ | ४६ | **पारिवारिक भत्ताः** करार कर्मचारीले पारिवारिक भत्ता नपाउने तर इन्जिनियर विरेन्द्र कुमार झाले सरुवा भई खलङ्गा देखि अपिहिमाल जाँदा परिवारका ४ जना सदस्यको जम्मा रु. २८१६० भत्ता बुझेको आधार पेश गर्ने । | आवश्यक कामकारबाहीको लागि कार्यालयलाई निर्देशन दिने । |
| ४८ | ४६.१ | **दैनिक भत्ताः** इन्जिनियर विरेन्द्र कुमार झाले ५ जनाको फर्केको दिनको समेक पुरै भत्ता बुझेको रु. ६६००। असुल उपर गर्नुपर्ने । | असुल उपरका लागि पत्राचार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| ४९ | ४७ | **नियम विपरित पेश्कीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई एकतिहाई भन्दा भढी पेश्की दिएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्ने । | सुझाव अनुसार हुदै गरेको । |
| ५० | ४८ | **पेश्की बाँकीः** पेश्की लिएको कार्यको नियमानुसार तोकेको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्नेमा रु. ४८३००००। फछ्र्यौट नगरेको । | आवश्यक कामकारबाहीको लागि कार्यालयलाई निर्देशन दिने । |
| ५१ | ४९ | **अनुगमन तथा मूल्याङ्कनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ मा भएको व्यवस्था बमोजिम बेरुजु फछ्र्यौट गर्नु गराउनु पर्ने । | नियमिति रुपमा कार्य गर्न गराउन निर्देशन दिने । |

३.३ आर्थिक वर्ष २०७६/७७ को महालेखापरीक्षकको प्रतिवेदन उपर मिति २०८०/०२/२६ गते मा भएका दफावार छलफलका निर्णयहरु :

| क.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | वीत्तीय वीवरणः तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु आद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |

| | | | |
|---|---|---|---|
| २ | २ | जिम्मेवारी फरक परेको: स्थानीय तहको संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन हुन नसकेको रकम रु. ९८८६.४६ । | आवश्यक कामकार्यबाहीको लागि निर्देशन गर्ने । |
| ३ | ३ | **बैंक हिसाव मिलान**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । त्यस्तो नभएको हुँदा बैंक हिसाव मिलानमा फरक परेको देखिएको छ । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ४ | ४ | आन्तरिक नियन्त्रण प्रणाली: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकरी र विश्वशनीय बनाइ सेवा प्रवाहमा सुदृढ बनाउने तर्फ ध्यान दिनु पर्ने । | सुझाव अनुसार गर्ने गराउने । |
| ५ | ५ | सुत्रमा नसमेटिएको कारोवार: सुत्रको प्रयोग गरी आर्थिक कारोवारको सम्पुर्ण अभिलेखको व्यवस्थापन गर्ने । | सुझाव अनुसार गर्ने गराउने । |
| ६ | ६ | लेखापरीक्षण समितिको गठन: लेखापरीक्षणबाट औंल्याईएका व्यहोरा तथा बेरुजुको बारेमा आवश्यक कामकार्बाही गरी प्रतिवेदन स्थानीय तहका प्रमुख समक्ष पेश गर्न लेखापरीक्षण समिति गठन हुनु पर्ने नभएको । | सुझाव अनुसार गर्ने गराउने । |
| ७ | ७ | आयोजनाको फरफारक: ऐन नियममा भएको आयोजना फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने काम नभएको । | सुझाव अनुसार गर्ने गराउने । |

| | | | |
|---|---|---|---|
| ८ | १४ | चौमासिक पूँजीगत खर्चः चौमासिक कार्ययोजना बनाई सनतुलित तबरबाट खर्च गर्ने व्यवस्था गर्ने । | सुझाव अनुसार गर्ने गराउने । |
| ९ | १५ | क्षेत्रगत बजेट र खर्चः मध्यकालीन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यान्वयन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ । | सुझाव अनुसार गर्ने गराउने । |
| १० | १६ | खर्च विश्लेषणः प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गर्नु पर्दछ । | सुझाव अनुसार गर्ने गराउने । |
| ११ | १८ | जिन्सी निरीक्षणः नियममा भएको व्यवस्था कार्यान्वयन गरी जिन्सी अभिलेख चुस्त र दुरुस्त बनाउनु पर्दछ । | सुझाव अनुसार गर्ने गराउने । |
| १२ | १९ | कर्मचारी करारः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा भएको व्यवस्था विपरित १८ जना करार कर्मचारी राखी रु. ३१५२०००। खर्च अनियमित देखिएको । | यस्ता कार्य नियन्त्रण गर्न निर्देशन दिने । |
| १३ | २० | कल्याण कोषः कोष संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था नभएकोले ऐनको व्यवस्था कार्यान्वयन गरी कोषको संचालन हुनु पर्दछ । | सुझाव अनुसार गर्ने गराउने । |

| | | | |
|---|---|---|---|
| १४ | २१ | कर्मचारी प्रोत्साहन भत्ताः स्थानीय तहले कानून नबनाई रु. ५०९२२०।प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्यय भार बढ्न गएको । | कानून निर्माण गरी नियमित गर्नु पर्ने । |
| १५ | २२ | आन्तरिक लेखापरीक्षणः कानूनमा तोकिए बमोजिम आर्थिक कारोवारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| १६ | २४ | स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्ने । | सुझाव अनुसार गर्ने गराउने । |
| १७ | २७ | आर्थिक सहायताः नियम विपरित स्थानीय तहले व्यक्ति एंव संघसंस्थालाई रु. ५००००। आर्थिक सहायता वितरण गरेको । यस्तो कार्य नियन्त्रण गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| १८ | ३० | अनुगमन प्रतिवेदनः विशेष तथा समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गरी अनुगमन प्रतिवेदन सम्बन्धित निकायमा पेश नगरेको । | सुझाव अनुसार गर्ने गराउने । |
| १९ | ३१ र ३२ | ठेक्काः प्राविधिक मूल्याङ्कन चेकजाँच तथा गुणस्तर परीक्षण चुस्त दुरुस्त हुनुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| २० | ३३ | जन श्रमदानः निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थमा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा रु १९१०५५ बढी भुक्तानी भएको असुल गर्नुपर्ने । | असुल उपरको लागि पत्राचार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| २१ | ३४ | भेरिएसन बेगर थप कार्यको भुक्तानीः स्वीकृत डिजाइन नै परिवर्तन हुने गरी कार्य परिमाण थप तथा नयाँ कार्य थप गराएकोमा प्राविधिक पुष्टयाँई तथा भेरिएसन आदेश स्वीकृत बेगर  भुक्तानी गरिएको रकम रु. १३३५८७.७५ नियम सम्मत नदेखिएको । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| २२ | ३५ | स्थानीय भत्ताः सबैलाई समान हुने गरी गर्नु पर्नेमा ३ जना कर्मचारीहरुलाई मात्र स्थानीय र महंगी भत्ता बाफत रु. ४५०९६०।भुक्तानी भएको । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| २३ | ३६ | जिन्सी दाखिलाः सामानको जिन्सी दाखिला गरी आम्दानी बाध्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ५८३७३२। | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| २४ | ३७ | अग्रिम आयकरः आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम व्यक्ति, फर्म वा संस्थालाई परामर्श सेवा भुक्तानी गर्दा १५% अग्रिम कर कट्टी गरेर भुक्तानी दिनु पर्नेमा कानूनी सल्लाहकारलाई भुक्तानी दिदा रु. ३५०००। कट्टी नगरेको असुल उपर गर्नुपर्ने । | असुल उपर भएको । |
| २५ | ३९ | अनुगमनः तोकिएको जिल्ला बाहेक अन्य जिल्लामा भ्रमण जाँदा १०% थप भत्ता नपाइने तर काठ्माडौं, धनगढी जाँदा थप भत्ता लिएको रु. २९८०। असुल गर्नपर्ने । | असुल उपरका लागि पत्राचार गर्न निर्देशन दिने । |
| २६ | ४० | बैठक खर्चः कार्य संचालन निर्देशिकाले तोकोको खर्चको मापदण्ड विपरित बैठक भत्ता भुक्तानी भएको रु. ४३३५०। असुल गर्नपर्ने । | असुल उपरका लागि पत्राचार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| २७ | ४१ | निरज तानसेन युवा स्वरोजगार कार्यक्रमः पेश्की दिएको रकमको सुदुपयोगको सुनिश्चितता नदेखिएकाले अनुदान वितरण गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त पेश्की रु. १३८००००।रकमको १०% व्याज सहित असुल गर्नुपर्ने । | असुल उपरका लागि पत्राचार गर्न निर्देशन दिने । |
| २८ | ४२ | कर तथा शुल्क असूलीः आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| २९ | ४४ | बहाल करः निर्माण व्यवसायी फर्मको भुक्तानीमा कट्टी गरिने बहाल कर स्थानीय तहको कार्यक्षेत्रमा नपर्ने भएकाले रु. ३०२६५७। रकम संघीय संचित कोषमा दाखिला हुनु पर्ने । | नियमानुसार दाखिला गरी फछ्र्यौट गर्न निर्देशन दिने । |
| ३० | ४७ | मूल्य अभिवृद्धि कर भक्तानीः करसमायोजन प्रमाणपत्र पेश नगरेको रु ३१८८५६.७६ । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ३१ | ४८ | अग्रिम कर कट्टी नगरेकोः भुक्तानीमा अग्रिम कर कट्टी नगरेको रु. ३०८४२७। असुल गर्नुपर्ने । | असुल भएको । |
| ३२ | ५२ | प्रमाणित हाजिरी बेगर विद्यालय सहयोगिहरुलाई १०००० का दरले प्रोत्साहन भत्ता भुक्तानी भएको रु. २७००००। | प्रमाण पेश गरी फछ्र्यौट गर्न निर्देशन दिने । |
| ३३ | ५३ | स्यानिटरी प्याड सम्बन्धमाः विद्यालय बन्द रहेको हुँदा उक्त अवधिको प्याड बापतको रकमको एकिन गर्न नसकिएको रु. ४८६९३४। | एकिन हुने प्रमाण पेश गरी फछ्र्यौट गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| ३४ | ५५ | खण्डेश्वरी मा.वि.क्षेत्तीमा विज्ञान प्रयोगशाला निरमाण बाफत रु.२६००००० । अनुदान रकमको कार्य सम्पन्न प्रतिवेदन पेश नभएको । | प्रमाण पेश गर्न लगाउने । |
| ३५ | ५६ | पशु सेवातर्फः नाइट्रोजन भण्डार भाँडो र सप्लाइ यन्त्र खरिदको औचित्य पुष्टि गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु. २२०४९३। | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ३६ | ६५ | सदरस्याहाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ मा नाम नामेसी तथा प्रयोजन नखुलेको धरौटी रकम सदरस्याहा गर्नुपर्नेमा नभएको रमक रु. १०१०००। | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ३७ | ६७ | पेश्की बाँकीः सम्झौता बमोजिमको समयमा नै पेश्की फछ्यौंट हुनु पर्नेमा रु. १५२०००। रकम पेश्की बाँकी रहेको । | प्रमाण पेश गरी फछ्यौंट गर्न निर्देशन दिने । |
| ३८ | ६९ | आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु रु. ८८७४ समयमा नै फछ्यौंट हुन नसकेको । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |

३.४ आर्थिक वर्ष २०७७/७८ को महालेखापरीक्षकको प्रतिवेदन उपर मिति २०८०/०२/२७ गते मा भएका दफावार छलफलका निर्णयहरु :

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **वितिय विवरणः-** बैक समायोजन हिसाब तयार गरि हिसाब मिलान नगरेको तथा खाता राखेको छैन। जस अनुसार ३२३८१२.६८ को हिसाब नमिलेको। | सुझाव अनुसार गर्न निर्देशन दिने |
| २ | २ | **बैक हिसाब मिलान नगरेको**:-स्थानिय सञ्चित कोष खातामा रु ३२३८१२.६८ को हिसाब मिलान नभएको। | सुझाव अनुसार गर्न निर्देशन दिने |
| ३ | ३ | **आन्तरिक नियन्त्रण प्रणालीः** गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना गरेको नदेखियको तथा २०७७/७८ को आन्तरिक लेखापरीक्षण गराएको पाईएन । | आन्तरिक नियन्त्रण प्रणाली स्थापना गरी आन्तरिक लेखापरीक्षण गराउने । |
| ३ | ५ | **आयोजनाको फरफारकः-** पालिकाले कार्यान्वयन गरिएका आयोजना तथा योजनाहरुको खर्च विवरण कार्यपालिकामा पेश गर्ने नगरिएको। | सुझाव अनुसार गर्न निर्देशन दिने |

| | | | |
|---|---|---|---|
| ४ | ७ | **खर्च सार्वजनिकीकरणः- उ**पभोत्ता समिति मार्फत गराईका योजनाहरुमा सबै उपभोक्ता समितिले खर्चगरेको बिल भरपाई,उपभोक्ता समितिको माईन्युट, खर्च पुर्ण रुपमा सार्बजनिक नगरेको। | सुझाव अनुसार गर्न निर्देशन दिने |
| ५ | ८ | **लेखापरिक्षण प्रतिवेदन उपर क्षलफलः-** अन्तिम लेखापरिक्षण प्रतिबेदन दपावार छलफलको लागि सभामा पेश नगरिएको तथा लेखा समिति गठन नगरिएको। | सुझाव अनुसार गर्न निर्देशन दिने |
| ६ | ९ | **कानुन र संचालन स्थितिः-** ऐन, नियमावली,कार्यबिधि र विधेयक गरि ५८ कानुन निर्माण गरिएको तर उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरेको छैन्।कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यन्वयन गर्नु पर्ने। | सुझाव अनुसार गर्न निर्देशन दिने |
| ७ | ११ | **न्यायिक समितिः-** समितिमा परेको उजुरी ३ महिना भित्र विवाद टुङ्गो लगाउनुपर्नेमा सो नगरिएको। | सुझाव अनुसार गर्न निर्देशन दिने |
| ८ | १२ | **योजना तर्जुमा, बजेट तथा कार्यक्रमः-**स्थानिय सरकार संचालन ऐनमा भएको व्यवस्था अनुरुप मध्यम तथा दीर्घकालिन प्रकृतिका ठुला योजनामा बजेट खर्च गर्नुपर्नेमा साना टुक्रे योजनामा ठुलो मात्रामा बजेट खर्च गरिएको। | सुझाव अनुसार गर्न निर्देशन दिने |
| ९ | २१ | **कर्मचारी प्रोत्साहानः-**कानुन नबनाई आर्थिक व्ययभार भढ्ने गरी रु ५०९००० प्रोत्साहन दिईएको। | सुझाव अनुसार गर्न निर्देशन दिने |

| | | | |
|---|---|---|---|
| १० | २७ | **अनुगमनः-** अनुगमन भ्रमण खर्चमा १०% पाउने व्यवस्था नभएको ठाउमा भ्रमण खर्च वाफतको रु ४२४० बढि रकम लिएको। | असुल भएको |
| ११ | ३४ | **रकम ढिला दाखिला गर्नेः-** वडा कार्यालयहरुले मासिकरुपमा र कतिपय वडाहरुले २-३ महिनामा राजश्व बैंक दाखिला गरेकाले समयमै बैंक दाखिला गर्नुपर्ने। | सुझाव अनुसार गर्न निर्देशन दिने |
| १२ | ३५ | **मु अ करः- ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू अ कर रकमको ५०% सम्बन्धित राजश्व शिर्षकमा र बाकी ५०% सम्बन्धित फर्मलाई दिनुपर्नेमा पालिकाले नियमअनुसार ५०% रकम रु १९०६१९ कट्टिगरि राजस्व दाखिला नगरेको।** | कर समायोजन पेश हुनुपर्ने अन्यथा असुल उपर |
| १३ | ३६ | **बिजक केरमेटः-**कर बिजक केरमेट गरेको २०४६६५९ | कर समायोजन प्रमाण पेश गर्नुपर्ने। |
| १४ | ३७ | **निर्माण व्यवसायीको कोष कट्टि नगरेकोः-** ठेक्का प्रकृयाबाट संचालित योजनामा पालिकाले ०.१% निर्माण व्यवसायी कोषमा जम्मा गर्नुपर्ने रकम रु २३९२२ कट्टि गरि दाखिला गर्नुपर्ने। | करकट्टि गरि दाखिला गर्नुपर्ने |
| १५ | ३८ | **डिपिआर खर्चः-** स्रोत एकिन नगरि डिपिआर तयार गरिएको तथा कार्यन्वयन नगरिएको तशर्थ बजेट व्यवस्था भएका आयोजना हरुको मात्र गरुयोजना सिपिआर लागायतको अध्ययन गरि प्रतिवेदन तयार गर्ने। | सुझाव अनुसार गर्न निर्देशन दिने |

| | | | |
|---|---|---|---|
| १६ | ३९ | **सफ्टवेयर खरिदः-** स्थानियतहले गाँउ पाश्य चित्र डिजिटल सम्बन्धि सफ्टवेयर खरिद गर्दा सम्बन्धित विभाग बाट अनुमति नलिएको। | सुझाव अनुसार गर्न निर्देशन दिने |
| १७ | ४५ | **मुल्य अभिबृद्धि कर भुक्तानीः-** ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू अ कर रकमको ५०% सम्बन्धित राजश्व शिर्षकमा र बाकी ५०% सम्बन्धित फर्मलाई दिनुपर्नेमा RVWRMPद्धारा संचालित विभिन्न आयोजनाहरुको रु १०,७५,८९५कर समायोजन हुनुपर्ने, | सुझाव अनुसार गर्न निर्देशन दिने |
| १८ | ४७,४८ ,४९,५ ० | **भेरिएसन स्वीकृत नगरि भुक्तानी गरेकोः-** भेरिएसन स्वीकृत नगरि भुक्तानी गरेकाले अनियामिता देखिएको रकम रु ३६५५७४१.४९ | सुझाव अनुसार गर्न निर्देशन दिने |
| १९ | ५१ | **प्रगती बिना पेश्कीः**-प्रयटकिय पदमार्गको प्रगति बिना रु १२,५८,९९५बढि पेस्की दिएकाले अनयमिता देखिएको। | सुझाव अनुसार गर्न निर्देशन दिने |
| २० | ६० | **औषधि खरिदः-** २० लाख सम्मको औषधि सोझै खरिद गरिएको,खरिद गरेको औषधिको कम्पनी उल्लेख नभएको,बिलमा ब्याच नं,र अवधि नलेखिएको, | सुझाव अनुसार गर्न निर्देशन दिने |
| २१ | ७२ | **पेश्की बाँकीः-** पालिकाले दिएको पेश्कि आर्थिक बर्षको अन्त्य सम्म पेश्की फछ्यौट हुन बाकी रकम १३,८०,००० | सुझाव अनुसार गर्न निर्देशन दिने |

| | | | |
|---|---|---|---|
| २२ | ७३ | **आन्तरिक लेखापरिक्षण बाट कायम बेरुजुः-** आन्तरिक लेखापरिक्षण बाट कायम बेरुजु ६१४११७ | असुल गर्नु पर्ने |

३.५ आर्थिक वर्ष २०७८/७९ को महालेखापरीक्षकको प्रतिवेदन उपर मिति २०८०/०२/२८ गते मा भएका दफावार छलफलका निर्णयहरु :

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | ३ | वित्तीय विवरणः बार्षिक आय र व्ययको हुसाब, बैंक समायोजन हिसाब, वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| २ | ५ | आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा नगरेको ।यस संग सम्बन्धी दफा ५ मा दिएको सुझावहरु अबलम्बन गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ३ | ६ | **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार बिषयगत कार्यालयको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने मालसमानहरुको अभिलेख तथा जिन्सी लगत राख्नु पर्नेमा गरेको पाईएन । | |
| ४ | ८ | बजेट सीमा निर्धारण समितिः कानूनमा व्यवस्था भए बमोजिमका समितिहरु गठन गरी निर्धारित कार्य गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५ | ९ | बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७(१) मा भएको व्यवस्था बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यवस्था मिलाउने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ६ | १० | चौमासिक पूँजिगत खर्चः स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ७ | १४ | राजश्व अभिलेखः रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापनमा ध्यान दिनुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ८ | १६ | मनोरञ्जन कर तथा व्यवसाय करः गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीको अभिलेख अध्यावधिक गरेको पाइएन यसलाई अध्यावधिक अभिलेख राखि करको दायरामा ल्याउनु पर्ने। | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| ९ | २० | न्यायिक समितिः ऐनले तोकेको म्यादभित्र ३ वटा उजुरी फछ्र्यौट नभएको समय सीमा भित्रनै कारबाही किनारा लगाउनु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १० | २१ | आर्थिक सहायताः नियम विपरित स्थानीय तहले व्यक्ति एंव संघसंस्थालाई रु. ५७००००। आर्थिक सहायता वितरण गरेको । यस्तो कार्य नियन्त्रण गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ११ | २३ | कर्मचारी करारः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा भएको व्यवस्था विपरित २४ जना करार कर्मचारी राखी रु. १७१७८०००। खर्च देखिएको । स्थानीय सेवा ऐन तर्जुमा गरी सोही अनुसार जनशक्ति व्यवस्थापन गर्नु पर्दछ । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| १२ | २५ | कल्याण कोषः कल्याणकारी कोषमा मासिक कट्टा गरी जम्मा गर्ने व्यवस्था मिलाउने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| १३ | २६ | खरिद व्यवस्थापनः गाउँपलिकाले सार्वजनिक खरिद नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| १४ | २७ | डि.पि.आर. खर्चः गाउँपालिकाले आफ्नै प्राविधिक जनशक्ति प्रयोग नगर्नुको कारण स्पष्ट गर्दै अगामि दिनमा गाउँपालिकाकै प्राविधिकबाट यस्तो कार्य गराउने साथै बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र डि.पि.आर. बनाउनु पर्ने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |

| | | | |
|---|---|---|---|
| १५ | २८ | आन्तरिक आयः गाउँपालिकाको बजेटको ०.६८ % मात्र हिस्सा आन्तरिक आयको भएकाले आन्तरिक आयको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धिमा ध्यान दिनुपर्ने । | सुझाव अनुसार ध्यान निर्देशन गर्ने । |
| १६ | ३१ | येजना छनौट र कार्यान्वयनः साना रकमका धेरै योजना संचालन गर्दा कार्यालयको जनशक्ति बर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभाव नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था भएकोले दिगो प्रतिफलयुक्त ठूला योजना निर्माण तथा व्यवस्थापनमा जोड दिनु पर्दछ । | सुझाव अनुसार ध्यान निर्देशन गर्ने । |
| १७ | ३४ | बढी दरमा खरिदः ओखर खेती कार्यक्रममा बोट खरिद प्रचलित दररेट नलिई बजार मूल्य भन्दा बढी भएको रु. ४७२५००।असुल उपर गर्नुपर्ने । | असुल उपरको लागि पत्राचार गर्न निर्देशन गर्ने । |
| १८ | ३५ | रितपूर्वक भुक्तानीः विभिन्न कार्यक्रममा खर्चको पुष्टि हुने विल भर्पाई प्रमाणहरु संलग्न नराखेको रु. २५३११५३ नियमित गर्नु पर्ने । | आवश्यक प्रमाण पेश गरी नियमित गराउन निर्देशन गर्ने । |
| १९ | ३७ | पालिका भित्र पदाधिकारीलाई भ्रमण भत्ताः नियम विपरित पदाधिकारीहरुले पालिकाभित्रको भ्रमण भत्ता लिएको रु. १८४००। असुल गर्नुपर्ने । | असुल उपरको लागि पत्राचार गर्न निर्देशन गर्ने । |
| २० | ४२ | बढी कार्यको भुक्तानीः निर्माण कार्यमा जम्मा कार्यपरिमाणबाट गर्न नपर्ने कामको परिमाण घटाई बाँकी कार्य परिमाणको भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी भएको रु. ७०५५०५। असुल उपर गर्नपर्ने । | असुल उपरको लागि पत्राचार गर्न निर्देशन गर्ने । |

| | | | |
|---|---|---|---|
| २१ | ४४ | स्वीकृत लागत तथा डिजाईनभन्दा फरक कार्यः कार्यालयले ड्रईङ डिजाईन तथा स्पेशिफिकोसन आदि बदली लागत अनुमान भएको कार्य भन्दा फरक गर्नुको कारण र औचित्यसहित भेरिएसन आदेश स्वीकृत भएको प्रमाण पेश गर्नुपर्ने रु. ५३५२५३। | आवश्यक प्रमाण पेश गरी नियमित गराउन निर्देशन गर्ने । |
| २२ | ४५ | निर्माण कार्यको बीमाः निर्माण व्यवसायीलाई अन्तिम बिल भुक्तानी दिदाँ नगरेको बीमा समेतको रकम बाफत रु. १०००००। भुक्तानी भएको रकम असुल गर्नुपर्ने । | असुल उपरको लागि पत्राचार गर्न निर्देशन गर्ने । |
| २३ | ४६ | मोबिलाइजेशन पेश्की र जरिवानाः पेश्की जमानत म्याद सक्दा समेत पेश्की फछ्र्यौट नगरेको बाँकी पेश्की रु. २८००००। असुल गर्नुपर्ने । | असुल उपरको लागि पत्राचार गर्न निर्देशन गर्ने । |
| २४ | ४७ | कार्य नगरी भुक्तानीः  नभएको कार्यको भुक्तानी भएको रकम रु. १६४२५५। असुल उपर गर्ने। | असुल उपरको लागि पत्राचार गर्न निर्देशन गर्ने । |
| २५ | ४९ | एज बिल्ट नक्साः निर्माण व्यवसायीहरुले कार्यसम्पन्न भएको ३० दिन भित्र एज बिल्ट नक्सा पेश गर्नुपर्नेमा उक्त प्रमाण पेश नगरी भुक्तानी भएको रु. १२५०००। | प्रमाण पेश गरी नियमिति गराउन निर्देशन गर्ने । |
| २६ | ५१ | पुर्व निर्धारित क्षतिपूर्ति र कानूनी प्रक्रियाः समय सीमा भित्र कार्य सम्पन्न नगरेका निर्माण व्यवसायीबाट नियमानुसार क्षतिपूर्ति असुल गर्नु पर्ने रकम रु. ४३८१९०। | असुल उपरको लागि पत्राचार गर्न निर्देशन गर्ने । |
| २७ | ५२ | धुवाँ मुक्त अपि घोषणाः सामग्रीहरुको आइटममा राखेको विमाको विजक भन्दा बढी भुक्तानी भएको रु. ३८८०६। असुल गर्नुपर्ने । | असुल उपरको लागि पत्राचार गर्न निर्देशन गर्ने । |

| | | | |
|---|---|---|---|
| २८ | ५३ | अध्यावधिक निर्माण कार्य तालिकाः स्वीकृत बोलपत्र फारामको एस.सि.सि.को जि.सि.सि.मा अध्यावधिक कार्यतालिका ३० दिन भित्र दिनुपर्ने तर अध्यावधिक कार्यतालिका पेश नगरे बापत कट्टी नगरेको रु. ३४५०००। असुल गर्नु पर्ने । | असुल उपरको लागि पत्राचार गर्न निर्देशन गर्ने । |
| २९ | ५४ | सम्झौता तथा बि.ओ.क्यु. भन्दा बढी कार्यको भुक्तानीः परिवर्तित लागत अनुमानको भेरिएसन स्वीकृत बेगर भुक्तानी भएको रु. ५३७६८। | प्रमाण पेश गरी नियमिति गराउन निर्देशन गर्ने । |
| ३० | ५५ | पेश्की बाँकीः आर्थिक वर्षकको अन्त्य सम्म पनि पेश्की फछ्यौंट हुन नसकेको रकम रु. ७४९६५००। | प्रमाण पेश गरी नियमिति गराउन निर्देशन गर्ने । |
| ३१ | ६२ | भ्रमण स्वीकृतिः भ्रमण आदेश स्वीकृती बेगर खर्च भएको रु. ७५०००। असुल उपर गर्ने । | असुल उपरको लागि पत्राचार गर्न निर्देशन गर्ने । |
| ३२ | ६५ | स्थानीय तथा महङ्गी भत्ताः पालिकाले करार सम्झौता गर्दा उल्लेख नगरी विपद अधिकृत, योजना प्रमुख इन्जिनियरलाई रु. ५०२६८० ।रकम भत्तानी भएको । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ३३ | ६६ | निरज तानसेन स्वरोजगार कार्यक्रमः आवश्यक प्रमाण बिना भुक्तानी भएको रकम रु. १७९६१९२। नियमित हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ३४ | ६९ | सम्परिक्षण तथा अनुगमनः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४(२)(घ) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजुको लगत राख्ने र फछ्यौंट गरी सम्परीक्षण गर्ने गराउने । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |

# परिच्छेद-४
# निष्कर्ष

४.१ निष्कर्षः

अपिहिमाल गाउँपालिका गाउँ सभाको १४ औं अधिवेशनको बैठकबाट गठित यस लेखा समितिले आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०७८/७९ सम्मको महालेखापरिक्षकको वार्षिक प्रतिवेदनको अध्ययन गरी गाउँपालिकककको बेरुजु फछ्र्यौट गर्न गराउन यो प्रतिवेदन तयार गरिएको छ । अपिहिमाल गाउँपालिकाको लेखा समितिको कार्यविधि, २०७८ को दफा ३ मा व्यवस्था भए बमोजिमका कार्यक्षेत्रमा रही लेखा समितिले आफ्नो कार्य गरी म.ले.प. प्रतिवेदनले औंल्याएका बेरुजु फछ्र्यौटका लागि सम्बन्धित सरोकारवालाहरुलाई कामकारबाहीको लागि निर्देशन गरेको छ ।समग्रमा यस प्रतिवेदनमा आर्थिक वर्ष २०७४/७५ को नियमित हुनुपर्ने बेरुजु रु. ३५,००,५२८।, असुल उपर बेरुजु रु. १३,०४,३७३।, पेश्की बाँकी बेरुजु रु. ५,१४,०००। र आ.व. २०७३/७४ को नियमित गर्न बाँकी रु. ३,३५,९५०। गरी जम्मा बेरुजु रु. ५६,५४,८५१। देखिएको छ । त्यसैगरी आर्थिक वर्ष २०७५/७६ मा नियमित हुनुपर्ने रु. १,१७,१०,९२२।, असुल उपर रु. ९२,७६०। र पेश्की रु. ४,२०,०००। गरी जम्मा रु. १,२२,२३,६८२।बेरुजु रहेको छ । आर्थिक वर्ष २०७६/७७ मा नियमित हुनुपर्ने रु. ५३,९२,७३७.७४।, असुल उपर रु. १५,९९,३२६। र पेश्की रु. १,५२,०००। गरी जम्मा रु. ७१,४४,०६३.७४। बेरुजु रहेको छ । यसैगरी आर्थिक वर्ष २०७७/७८ मा नियमित हुनुपर्ने रु. ९२,८७,४०४.४९। र असुल उपर रु. १,३५,३३९। गरी जम्मा रु. ९४,२२,७४३.४९। बेरुजु देखिएको छ भने आर्थिक वर्ष २०७८/७९ को नियमित हुनुपर्ने रु. ५०,४१,३६६।, असुल उपर रु. २६,३७,६५६। र पेश्की रु. ७४,९६,५००। गरी जम्मा रु. १,५१,७५,५२२। बेरुजु रहेको छ । **यसरी अपिहिमाल गाउँपालिकाको हाल सम्मको नियमित हुनुपर्ने रु. ३,५२,६८,९०८.२३।, असुल उपर रु. ५७,६९,४५४। र पेश्की बाँकी रु. ८५,८२,५००। गरी कुल बेरुजु रु. ४,९६,२०,८६२.२३।- रहेको छ** । यो देखिएको नियमित हुनुपर्ने बेरुजुलाई आवश्यक कागजपत्र तथा प्रक्रिया पुरा गरी नियमित गराउन सरोकारवाला पक्षलाई निर्देशन गरिएको छ भने असुल उपर र पेश्की फछ्र्यौट गर्न बाँकी बेरुजुको लागि सम्बन्धित व्यक्ति तथा निकायलाई पत्राचार गरी फछ्र्यौट गर्न गराउन कार्यालयलाई निर्देशन गरिएको छ ।महालेखापरिक्षकको प्रतिवेदनले दिएका सल्लाह सुझावहरुलाई कार्यालयले अनुसरण गर्दै अगामी दिनमा गाउँपालिकाको बेरुजु नियन्त्रणमा ध्यान दिनु हुनेछ साथै लेखा समितिले यस प्रतिवेदन मार्फत दिएका निर्देशन तथा सुझाव अनुसार कार्य अगाडी बढाई गाउँपालिकाको बेरुजुको अवस्थालाई शुन्यमा ल्याउनु सकिन्छ भन्ने पुर्ण विश्वास लिएको छ ।

मितिः २०८०/०३/११ ..........................

श्री देवकी देवी बोहरा
संयोजक
लेखा समिति